# बिरुवा गाउँपालिका
# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९


बिरुवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बिरुवा, स्याङ्जा

ईमेलः biruwaruralmun@gmail.com

info@biruwamun.gov.np

वेबसाईटः https://biruwamun.gov.np/

# बिषयसूची


बिषयसूची ........ I

लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ ........ १

१. पृष्ठभूमि ........ १

२. लैससास रणनीति तर्जुमा र कार्यान्वयनको कानुनी ब्यवस्थाहरु ........ २

३. लैससास क्षेत्रका बिद्यमान समस्या र चुनौतिहरु ........ ४

४. लैससास रणनीतिको औचित्य ........ ५

५. नाम र प्रारम्भ ........ ६

६. परिभाषा ........ ७

७. दिर्घकालिन सोच ........ १०

८. लक्ष्य ........ ११

९. उद्देश्यहरु ........ ११

१०. लैससासका मूख्य रणनीतिहरु ........ १२

११. रणनीति तथा कार्यनीतिहरु ........ १४

१२. रणनीति तथा कार्यनीतिहरु ........ १४

१३. लैससास कार्यान्वयनको लागि समितिहरु गठन, परिचालन र जिम्मेवारी ........ २४

१४. अनुगमन तथा मूल्यांकन ........ २५

१५. रणनीतिको पूनरावलोकन र संशोधन ........ २६

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९

## १. पृष्ठभूमि

नेपालमा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछाडएका महिला, दलित, आदिबासी जनजाति, मधेशी, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका ब्यक्ति, गर्भ अवस्थाका ब्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रुपमा बिपन्न खस आर्य सहितका समुदायहरुलाई बिकासको मूलप्रवाहमा समान रुपमा ल्याउन चुनौतिको रुपमा रहेको छ । नेपाल सरकारले यी समुहहरुलाई समान रुपमा सशक्तिकरण गरी सहभागिता तथा राज्यवाट प्रदान गरिने सेवा सुबिधाहरुमा समान पहुँचको सूनिस्चित गर्ने कार्य निरन्तर भैरहेको भएता पनि अपेक्षाकृत नतिजा प्राप्त गर्न नसकिएको अवस्था बिद्यमान रहेको छ । यही तथ्यलाई मध्यनजर गरी नेपालको संबिधान २०७२ को प्रस्तावनामै समाजमा रहेका सबै प्रकारका बिभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुआयमिक, बहुसांस्कृतिक तथा भौगोलिक बिबिधतायूक्त बिशेषतालाई आत्मसात् गरी बिबिधताको बिच एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता तथा सदभावलाई संरक्षण एवम् सम्बर्द्धन गर्दै लैंगिक, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक तथा धार्मिक बिभेद र सबै प्रकारका जातीय छुवाछुतहरुको अन्त्य  गरी आर्थिक रुपमा समान समृद्धि र सामाजिक न्याय सूनिस्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष्य उल्लेख भएको छ ।

नेपालको संबिधान २०७२ का साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४, लैंगिक समानता तथा सामाजिक समावेशीकरणका बिभिन्न सवालहरुको संवोधनको लागि बनेका ऐन, नियम, कार्यबिधिहरु र नेपाल पक्ष भई हस्ताक्षर भएका अन्तर्राष्ट्रिय घोषणाहरु र महासन्धीहरु जस्तै मानव अधिकार सम्बन्धि घोषणापत्र, बेईजिङ घोषणापत्र १९९६, बाल अधिकार सम्बन्धि महासन्धि १९८९, महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजना आदिको कार्यान्यिनको बाध्यात्मक ब्यवस्थाहरु रहेका छन् । यी सवालहरुलाई बिधिवत समाधान गर्दै लैजानको लागि नेपाल सरकरले **लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)** को अवधारणालाई बिगतवाटै कार्यान्वयन गर्दै आएको छ ।

नेपालको संबिधान, लैससाससंग सम्बन्धित कानुनहरु, राष्ट्रिय तथा प्रदेश आवधिक योजनाहरु र लैससास कार्यान्वयनको लागि नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय घोषणापत्र तथा महासन्धिहरुको ब्यवस्थाहरुलाई स्थानीयकरण

तथा यस गाउँपालिकाका लैससास सम्बन्धका बिशिष्ट सवालहरुको समाधान गर्दै लैजान **"बिरुवा गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९"** तयार गरिएको छ।

## २. लैससास रणनीति तर्जुमा र कार्यान्वयनको कानुनी ब्यवस्थाहरु

नेपालमा बिगतबाटै बिभिन्न समयमा जारी भएका संबिधानहरुले नागरिकहरुको मौलिक हक तथा अधिकारहरु ब्यवस्था गर्दै आएको छ। नेपालको संबिधान २०७२ ले पनि संघीय संरचनाको साथमा नागरिकहरुको लागि मौलिक हकहरुको ब्यवस्था गरेको छ। संबिधानको धारा १८ मा समानताको हक ब्यवस्था गरेको छ। यस समानताको हकले प्रत्येक ब्यक्तिको समान कानुनी हैसियतको अधिकार प्रदान गरेको छ। कानुनको दृष्टिमा सबै नागरिकहरु समान हुने र समान संरक्षणको हकदार हुने वा कानुनी संरक्षणवाट बञ्चित नगरिने ब्यवस्था गरेको छ। सामन्यतय कानुनको प्रयोगमा उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगर्ने ब्यवस्था गरेको छ। सामाजिक वा साँस्कृतिक दृष्टिले पिछाडएका महिला, दलित, आदिबासी जनजाति, मधेशी, थारु, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका ब्यक्ति, गर्भ अवस्थाका ब्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रुपमा बिपन्न खस आर्य लगायतका नागरिकहरुको संरक्षण सशक्तिकरण वा बिकासको निम्ति बिशेष ब्यवस्था गर्न सकिने ब्यवस्था गरिएको छ।

संबिधानको धारा ३८ मा महिलाको हकको ब्यवस्था गरेको छ जसले प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान बंशीय हकको सूनिस्चित गरेको छ। हरेक महिला सूरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धमा हकदार छन्। संबिधानतः महिलालाई धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न बर्जित गरिएको छ। यी हिंसाजन्य कार्यहरु दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउँने अधिकारको ब्यवस्था छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा सहभागि हुने अधिकारको सुनिस्चित गरिएको छ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सूरक्षामा सकारात्मक बिभेदका आधारमा बिशेष अवसर प्राप्त गर्ने हकको ब्यवस्था भएको छ। साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हकको ब्यवस्था गरिएको छ।

साथै नेपालको संबिधान २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धी हकको ब्यवस्था भएको छ जसमा प्रत्येक नागरिक (अपांगता भएका र आर्थिक रुपमा बिपन्न सहित) लाई शिक्षाको पहुँचमा समान हकको सूनिस्चित गरिएको

छ। सम्बिधानको धारा ३२ मा भाषा र संस्कृतिको हकको ब्यवस्था गरिएको छ जसमा प्रत्येक ब्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने अधिकारको सूनिस्चित गरिएको छ। साथै धारा ३३ मा समान रोजगारीको हक, धारा ३४ मा उचित श्रम अभ्यासको हक जसमा उचित पारिश्रमिक सुविधा र योगदानको सूनिस्चितता, धारा ३५ मा स्वास्थ्य सम्बन्धि समान हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सूरक्षाको हकको ब्यवस्था गरिएको छ। यी धाराहरु बिशेष गरी लैंगिक समानता र सामाजिक समावेशीकरण सम्वेदनशिल रहेका छन्।

नेपालको पन्धौं आवधिक योजना (२०७६/७७ – २०८०/८१) को राष्ट्रिय उद्देश्यहरु मध्ये दिगो र समावेशी आर्थिक बृद्धि र गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्ने रहेको छ। यस योजनाको राष्ट्रिय रणनीतिहरुमा शिक्षा, स्वास्थ्य, रोजगारी, उत्पादन तथा गरिबी निवारण लगायतका सबै क्षेत्रहरुमा नागरिकहरुको समतामूलक पहुँच तथा समृद्धिको परिकल्पना गरिएको छ। यस योजनाको परिच्छेद ७ मा लैंगिक समानता तथा महिला सशक्तिकरण, बालबालिका तथा किसोर किसोरी, जेष्ठ नागरिक, अपांगता भएको ब्यक्ति आदिको बिकासमा मूलप्रवाहिकरणको बारेमा राष्ट्रिय रणनीति तथा कार्यनीतिहरु तोकिएका छन्।

नेपाल सरकारले **राष्ट्रिय लैंगिक समानता नीति २०७७** लागु गरेको छ जसले देशभर महिला, किसोरी र बालिकाको सामाजिक आर्थिक बिकासको लागि नीतिगत र संरचनागत ब्यवस्था, लैंगिक शोषण, हिंसा र शोषणको अन्त्य गरी लैंगिक मूल्य मान्यतामा आधारित समतामूलक समाजको स्थापना, लैंगिक उत्तरदायी शासन पद्दतिको कार्यान्वयन र महिला आर्थिक सशक्तीकरणलाई प्रवर्द्धन गर्ने नीति र कार्यनीतिहरुको ब्यवस्था गरेको छ। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहहरुलाई लैंगिक उत्तरदायी तुल्याउने अभिप्रायले **प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमूना निर्देशिका २०७७** तयार गरी उपलब्ध गराएको छ जुन प्रदेश तथा स्थानीय तहहरुले स्थानीयकरण गरी लागु गर्न सक्नेछन्।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को गाउँपालिका/नगरपालिकाको काम, कर्तब्य र अधिकारमा लैससास सम्बन्धी ब्यवस्था रहेको छ। त्यस्तै वडा समितिको काम, कर्तब्य र अधिकार अन्तरगत वडामा आर्थिक तथा समाजिक रुपमा अल्पसंख्यक र सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक तथा आर्थिक उत्थान सम्बन्धी काम गर्ने, बिभिन्न समुदाय बिचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बाल बिवाह, बहुबिवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन

जस्ता समाजिक कुरीति र अन्धबिश्वासको अन्त्य गर्ने गराउने ब्यवस्था गरेको छ। साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडिएको बर्गको सहभागिता गराउने र योजना छनौटमा महिला, बालबालिका, जेष्ठ नागरिक, पिछाडिएको बर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट, बजेट बिनियोजन र कार्यान्वयनमा जोड दिएको छ।

## ३. लैससास क्षेत्रका बिद्यमान समस्या र चुनौतिहरु

नेपालमा लैंगिक समानता तथा सामाजिक समावेशीताको क्षेत्रमा बिभिन्न किसिम र स्वरुपका समस्याहरु रहेको तथ्य त बिधितै छ। यी सवालहरुलाई समुचित समाधान गर्ने अभिप्रायले बिगतबाटै बिभिन्न रणनीतिक तथा कार्यनीतिक पहलहरु भै रहेको छ। यसै सन्दर्भमा बिरुवा गाउँपालिकामा पनि लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई न्यूनिकरण गर्न बिभिन्न पहलहरु गरिएको भएता पनि यस क्षेत्रमा लैससासका क्षेत्रमा केही समस्या तथा चुनौतिहरु अझै बिद्यमान रहेका छन् । गाउँपालिकामा लैससास परीक्षण तथा कार्यान्वयनको लागि कानुनी दस्तावेज तथा कार्यबिधिहरु तर्जुमा र लागु नभएकोले लैससासका सवालहरुको औपचारिक सम्बोधन गर्ने कार्यमा कम प्राथमिकतामा परेको अवस्था छ। नीति, योजना तथा बजेटमा लैससास सम्बेदनशिलता नरहेको तथा लैससास क्षेत्रका सुधारको लागि योजना तथा बजेटको अंश अझै नपुग भएको महसुस स्थानीय नागरिकहरुले गरेका छन्। बिशेष गरी महिला तथा बञ्चितिकरणमा परेका समुहहरुलाई अझै बार्षिक योजना तर्जुमा कार्यको बारेमा अनभिज्ञ रहेको र सहभागि हुन नसकेको अवस्था छ। स्थानीय नागरिकहरुमा कानुनी साक्षरतामा कमी छ। लक्षित वर्गहरुलाई उपलब्ध गराएको आर्थिक सशक्तिकरणका कार्यक्रमहरु यथेष्ट नभएको र कार्यान्वयन भएका कार्यक्रमहरु पनि अपेक्षाकृत रुपमा फलदायी बनेका छैनन् र गरीबी न्यूनिकरणमा खासै योगदान दिएको छैन। बहुसंख्यक वडा तथा बस्तीहरुमा महिलाहरुको आवाज तथा सामाजिक सशक्तिकरणका कार्यक्रमहरु कार्यान्वयन नभएको हुँदा उनीहरुको सचेतना स्तर अझै उक्सन बाँकी रहेको अवस्था छ।

गाउँपालिकाका अधिकांश बस्तीहरुमा महिला हिंसाका बिभिन्न स्वरुपहरु अझै सक्रिय छन्। अधिकांश दलित बस्तीहरुमा मदिरा पान गरी कुटपिट, गालिगलौज, हेला जस्ता हिंसाका क्रियाकलापहरु भैरहेका छन्। गाउँ बस्तीका नागरिकहरु खेती पाती बाहेक अन्य पेशा ब्यवसायको पहुँचवाट टाढा छन्। गाउँ क्षेत्रमा रहेका कृषि तथा अन्य पेशाहरुमा आधुनिकिरण र ब्यवसायिकरण हुन नसकेकोले स्थानीय नागरिकहरुको प्रतिब्यक्ति आयमा सुधार आउन सकेको छैन। आम्दानीको हिस्सा न्यून रहेको कारण उक्त स्थानीय पेशाहरु प्रति नागरिकहरुको आकर्षण घट्दो छ। यसवाट महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको आर्थिक सामाजिक हैसियतमा सुधार आउन

सकेको छैन। बैदेशिक रोजगारीले केही टेवा प्रदान गरेको छ तर अल्पकालिन पेशाको रुपमा रहेको हुँदा दिगो समृद्धिको सम्भावना कम रहेको छ। महिलालाई सार्वजनिक कार्यमा दोस्रो प्राथमिकतामा राख्ने मानसिकता अझै पूरुषहरुमा जिबितै छ र अभ्यासमा रहेको छ। दलित वर्गमा राखिएका दमाई, कामी र सार्कीको सामाजिक अवस्थामा खासै परिवर्तन आएको छैन। आदिबासी जनजातिहरु खास गरी गुरुङ र मगर समुदायमा गरिबीको कारणहरु मध्ये परामपरादेखि चलनमा रहेको मदिरापान देखिएको छ। मदिरापान न्यूनिकरण सम्बन्धि सचेतना तथा यसलाई न्यूनिकरण गर्ने नियमक कार्य गाउँपालिकाको लागि चुनौतिको रुपमा देखिएको छ।

गाउँपालिकाको बार्षिक नीति कार्यक्रम तथा बजेटको समिक्षा गर्दा लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने खालका कार्यक्रमहरु न्यून संख्यामा रहेको र सिमित बजेट बिनियोजन भएको देखिन्छ। आ ब २०७८/७९ को वडा स्तरीय कार्यक्रम तथा बजेटको समिक्षा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायको आर्थिक र सामाजिक सशक्तिकरण गर्नेको लागि सचेतना, सिप बिकास, प्रबिधि सहयोग, बिउपूजी जस्ता कार्यक्रमहरुमा लगानीको अवस्था हेर्दा ८ वटै वडागत कार्यक्रमहरु अधिकतम् भौतिक पूर्वाधार बिकासमा लगानी भएको र यी क्षेत्रमा लगानी सून्य प्राय देखिन्छ। लक्षित वर्गका लागि आर्थिक र सामाजिक सशक्तिकरणका केही योजनाहरु गाउँपालिका स्तरमा राखिकएका छन् तर अवण्डा अवस्थामा छन् र खास कार्यक्रमको किसिम वा नाम किटानी भएको अवस्था छैन। यस्ता कार्यक्रमहरु योजनामा राखिनले लक्षित बर्गहरुको रणनीतिक आवश्यकताहरुको बिश्लेषण यथेष्ट नभएको र यस कार्यक्रमहरुले लक्षित बर्गको समस्यालाई सम्बोधन गर्न सक्ने या नसक्ने निस्चित देखिएको छैन। यस्ता कार्यक्रम र बजेट ब्यवस्थापनवाट महिला तथा बञ्चितिकरणमा परेका समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने कार्यमा चुनौति सिर्जना भएको छ।

## ४. लैससास रणनीतिको औचित्य

नेपालको संबिधान २०७२ जारी भए पश्चात संघीय, प्रदेश र स्थानीय तहका सरकारहरुद्वारा लैससास क्षेत्रमा सुधारका कार्यहरु कार्यान्वयनमा रहेको छ। यसै सन्दर्भमा यस गाउँपालिकाको हकमा लैससास सम्बन्धमा रहेका बिद्यमान स्थानीय समस्याहरुको सम्बोधन गर्न लैससास रणनीतिको आवश्यकता रहेको छ। संबिधानले प्रदान गरेका मौलिक हकहरुको सुनिस्चित गर्न स्थानीय तहका सबै अंगहरुमा महिला, दलित, आदिबासी जनजाति, अतिगरीब, भूमिहिन, पिछाडिएको वर्ग, अल्पसंख्यक, मजदुर, किसान, अपांगता भएको ब्यक्ति, बालबालिका, जेष्ठ नागरिक तथा भौगोलिक दुर्गमता र प्राकृतिक प्रकोप आदिवाट पिडित समुदायलाई समानुपातिक र अर्थपूर्ण सहभागिता, निर्णायक तहमा महिला तथा बञ्चितिकरणमा परेका समुहको संलग्नताको लागि उनीहरुको सशक्तिकरण र क्षमता

बिकासको क्षेत्रका कार्यहरु गर्न अझै बाँकी रहेको छ। गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका, सिमान्तकृत तथा बिपन्न महिला र पुरुषहरुको राज्यले प्रदान गर्ने सेवा सुबिधाहरुमा समतामूलक पहुँचमा अझै कमि रहेकोले उक्त असमानतालाई न्यूनिकरण गर्न यस रणनीतिको आवश्यकता रहेको छ।

महिला तथा बालबालिका माथि हुने सबै प्रकारका हिंसा, बेचबिखन र घरायासी कामकाजमा प्रयोग, गरिबी आदि बारेमा स्थानीय तहमा खण्डिकृत तथ्याङ्कको ब्यवस्थापन, त्यस्ता हिंसा न्यूनिकरणको लागि आवश्यक कार्यक्रमहरुको कार्यान्वयन र अनुगमनमा नियमितता स्थापित गर्न अपरिहार्यता रहेको छ। महिला, बालबालिका तथा सिमान्तकृत समुहहरुको राज्यको सेवा सुबिधाहरु जस्तै शिक्षा, स्वास्थ्य, क्षमता बिकास, रोजगारी तथा प्रशासनिक सेवाहरुमा समान पहुँच बिकास गर्ने सकारात्मक बिभेद नीतिलाई स्थानीय तहमा स्थानीयकरण गर्दै उनीहरुलाई सक्षम तुल्याउँदै लैजाने कार्यहरुलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न आवश्यक छ।

महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुको स्थानीयकरण गरी सोको प्रभावकारी कार्यान्वयनको लागि लैससास रणनीतिको अपरिहार्यता रहेको छ। यस क्षेत्रमा कार्य गर्ने सरोकारवाला निकायहरु जस्तै सरकारी तथा निजी संस्था, निकाय र परियोजनाहरु, सामुदायिक संस्था, उपभोक्ता समिति र गैरसरकारी संस्था तथा परियोजनाहरुवाट सञ्चालित कार्यक्रम र बजेटहरुलाई समेत लैससास उत्तरदायी बनाउन र स्थानीय सरकारको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा मुलप्रवाहिकरण गर्न यस रणनीतिको आवश्यकता रहेको छ।

माथि उल्लख गरिएका औचित्यहरुलाई पुरा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११ उपधारा (२) बुँदा ठ को उपबुँदा (२) मा ब्यवस्था भएको अधिकारको प्रयोग गरी यस गाउँपालिकाको लागि **"लैंगिक समानता तथा समावेशीकरण रणनीति २०७९"** तयार गरिएको छ। यो रणनीति आगामी ५ बर्षको लागि तयार गरिएको हो। यस रणनीतिको सफल कार्यान्वयनवाट सम्पूर्ण गाउँपालिकाबासीहरुले आत्म-सम्मानजनक बिभेद तथा हिंसारहित समतामूलक वातावरणमा जिवन यापन गर्न पाउने अवस्था सुनिस्चित गर्नेछ।

## ५. नाम र प्रारम्भ

यस रणनीतिको नाम "**बिरुवा गाउँपालिकाको लैंगिक समानता तथा समावेशीकरण रणनीति २०७९"** हुने र यसको प्रारम्भ स्थानीय सरकारले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

## ६. परिभाषा

बिरुवा गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ मा प्रयोग गरिने मुख्य शब्दावलीहरुको परिभाषा देहाय अनुसार दिईएको छः

क) **"रणनीति"** भन्नाले **"बिरुवा गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९"** सम्झनु पर्छ ।

ख) **"गाउँपालिका"** भन्नाले बिरुवा गाउँपालिका सम्झनु पर्छ ।

ग) **"लैंगिक"** भन्नाले समाजवाट निर्मित पुरुष र महिलाको भूमिका एवम् पहिचानको साथै उनीहरु बिचको सामाजिक सम्बन्धलाई सम्झनु पर्छ ।

घ) **"बिपन्न"** भन्नाले नेपाल जिवनस्तर सर्वेक्षण २०६६/६७ मा गरिएको परिभाषा अनुसार औषत प्रतिब्यक्ति प्रतिदिन २२२० क्यालोरी भन्दा कम खाद्य पदार्थ उपभोग गर्ने घर परिवार एवम् ब्यक्तिलाई सम्झनु पर्छ ।

ङ) **"बञ्चित समुह"** भन्नाले परांपरागत रुपमा लामो समय देखि जातीय, आर्थिक, अपांगता, यौनिक तथा लैंगिक अल्पसंख्यक एवम् आर्थिक सामाजिक कारणले पछि परेका महिला, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, अपांग बालबालिका, जेष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकलाई सम्झनु पर्छ ।

च) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

छ) **"सीमान्तकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति–सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

ज) **"लक्षित वर्ग/समुह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएकोवर्ग, अपाङता भएका ब्यक्ति,

अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

झ) **"लैङ्गिक प्रभाव विष्लेषण"** भन्नाले नीति तथा अभ्यासहरूको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्बित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनुपर्दछ ।

ञ) **"सामाजिक वञ्चितिकरणमा परेका समूहहरू"** भन्नाले महिला, बाल–बालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ ।

ट) **"अपांगता भएको ब्यक्ति"** भन्नाले शारिरीक दुर्बलता, बहिरा, दृष्टिबिहीन, बौद्धिक, मानसिक वा महसुस गर्ने क्षमता कमजोर भएका ब्यक्तिहरु जो सरकारले उपलब्ध गराउँने सेवा सुबिधाको पूर्ण वा सहजरुपमा उपभोग गर्न असमर्थ छन् र अपांगता भएको भनी आधिकारिक अस्पताल वा चिकित्सकवाट पुष्टी भएको ब्यक्तिलाई सम्झनु पर्छ ।

ठ) **"एलजीबीटीआई"** भन्नाले समलिङ्गी महिला, समलिङ्गी पुरुष, उभय लिङ्गी, तेस्रो लिङ्गी, पहिचान भन्दा भिन्न लैंगिक रुची र ब्यवहार हुनेहरु र अपूर्ण वा द्वैत लिङ्गीलाई सम्झनु पर्छ ।

ड) **"लैंगिक हिंसा"** भन्नाले फरक लिंग भएको आधारमा घरेलु हिंसा, कार्य स्थलमा हुने बिभेद, यौनजन्य दुरब्यवहार, सामाजिक कुरीति जन्य तथा बिभेदपूर्ण ब्यवहार लगायत फरक लिंग भएकै कारणले हुने हिंसा र भेदभाव सम्झनु पर्छ ।

ढ) **"लैंगिक सम्वेदनशील"** भन्नाले महिला, बिपन्न र बञ्चितिमा परेकाहरुको बिषयगत क्षेत्रका स्रोत तथा अवसरहरुमा पहुँच पुगेको सूनिस्चित हुने गरी महिला तथा पुरुष र तेस्रो लिङ्गीका भिन्न आवश्यकताहरु तथा असमान शक्ति सम्बन्ध एवम् असमानताहरुलाई सम्बोधन गरिएको अवस्थालाई सम्झनु पर्छ ।

ण) **"लैंगिक समानता"** भन्नाले महिला र पुरुष बिच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हाँसिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

त) **"लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)"** भन्नाले महिला, पुरुष, लैंगिक अल्पसंख्यक र बिभिन्न सामाजिक समुहहरु बिचको असमान शक्ति सम्बन्धहरुलाई पूनः सन्तुलित गर्न

तथा हरेक प्रकारका सामाजिक पहिचान भएका ब्यक्तिहरुको लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिस्चित गर्नको लागि आवश्यक कदम चाल्नु पर्ने बिषयलाई सम्झनु पर्छ ।

थ) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण"** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनुपर्छ ।

द) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताका लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

ध) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैंगिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, बाल–बालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनुपर्दछ ।

न) **"सशक्तिकरण"** भन्नाले बिकासका अवसरहरुवाट बञ्चित, स्रोत र साधानमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका असक्त वा कमजोर वर्गलाई सबल बनाउने कार्यलाई सम्झनु पर्छ ।

ऩ) **"जिविकोपार्जनको लागि सशक्तिकरण"** भन्नाले गरीब महिला तथा पुरुषहरुलाई जिबिकोपार्जनको कार्य गर्न सक्ने बनाउन र उनीहरुको सम्पत्ति र क्षमताको बृद्धि गर्ने कार्य सम्झनु पर्छ ।

प) **"आवाज वा सामाजिक सशक्तिकरण"** भन्नाले आफुहरुलाई प्रभाव पार्ने संस्थाहरुमा सहभागी हुन, प्रभाव पार्ने र उत्तरदायी बनाउने कार्यमा महिला, बिपन्न र बञ्चित समुहका नागरिकहरुको अर्थपूर्ण

सहभागिताको लागि उनीहरुमा अनिवार्य रुपमा आफ्नो अधिकारका पक्षमा आवाज उठाउन सक्ने, प्रभावकारी प्रतिनिधिमूलक संस्थाहरु गठन गर्ने सक्ने र परिवर्तनको लागि गठबन्धन निर्माण गर्न सक्ने क्षमता बिकास गर्ने कार्य सम्झनु पर्छ ।

फ) **"खण्डिकृत तथ्यांक"** भन्नाले पुरुष तथा महिला, जातीय समुह, यौनिक एवम् लैंगिक अल्पसंख्यक समुह, अपांगता भएको ब्यक्ति र अन्य बञ्चित समुहहरुको खण्डिकृत तथ्याङ्कहरुलाई सम्झनु पर्छ ।

ब) **"गरिबी नक्शाङ्कन"** भन्नाले एउटा निश्चित भू–भागमा बसोबास गर्ने घरपरिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Spatial Distribution) बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनुपर्दछ ।

भ) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएको स्थानीय तहवाट स्वीकृति लिई स्थानीय तहमा कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनु पर्छ ।

म) **"स्थानीयकरण"** भन्नाले कुनैपनि बिषय वा कार्यक्रमलाई स्थानीय तहको परिस्थिति र अवस्था अनुसार संयोजन गरी कार्यान्वयन गर्ने कार्य सम्झनु पर्छ ।

य) **"मूलप्रवाहिकरण"** भन्नाले देशको विकास योजना, रणनीति, कार्यक्रम तथा संस्थागत व्यवस्थामा लैंगिक तथा सामाजिक समता तथा समानताको विषयलाई समाहित गर्ने कार्य सम्झनु पर्छ ।

## ७. दिर्घकालिन सोच

क) बिरुवा गाउँपालिकामा लैंगिक तथा सामाजिक आधारमा हुने सबैखाले बिभेदहरुको अन्त्य गरी समतामूलक र समावेशी समाजको निर्माण गर्ने ।

ख) समाजमा बिद्यमान रहेका लैंगिक तथा सामाजिक मूल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याउँने ।

ग) गाउँपालिकामा लैससास उत्तरदायी वातावरण स्रिजना गरी महिला तथा बञ्चितिकरणमा परेका समुहहरुलाई समग्र बिकास प्रक्रियामा मूलप्रवाहिकरणमा योगदान बढाउने ।

## ८. लक्ष्य

यस रणनीतिको लक्ष्य आगामी ५ बर्षमा बिरुवा गाउँपालिकामा रहेका लैंगिक तथा सामाजिक बिभेदहरु तथा कुरीतिहरुलाई हटाई महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका सबै समुदायहरुलाई सरकारी सेवा सुबिधामा समान पहुँच उपलब्ध गराउने रहेको छ । गाउँपालिकाको सबै नीति, कानुन, योजना र बजेटलाई लैससास

मैत्री तुल्याई महिला तथा बञ्चितिकरणमा परेका समुहहरुलाई समग्र बिकासको मूलप्रवाहमा ल्याई समतामूलक समाजको निर्माण गर्ने लक्ष्य रहेको छ ।

## ९. उद्देश्यहरु

यस रणनीतिको मुल उद्देश्य नै यस गाउँपालिका क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गरी समतामूलक समाजको स्थापना गर्न योगदान गर्नु हो । स्थानीय सरकारले हालसम्म गर्दै आएको लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रका कार्यहरुको समिक्षा गर्दै स्थानीय तहमा बिद्यमान लैससास सम्बन्धी सवालहरुको पहिचान गरी स्थानीय नीति, योजना, कार्यक्रम तथा बजेटलाई लैससास सम्बेदनशील तुल्याई बञ्चितिकरणमा परेका महिला, सिमान्तकृत तथा गरिबीमा रहेका समुदायहरुलाई राज्यले उपलब्ध गराउने स्रोत तथा सेवा सुबिधामा समतामूलक पहुँचको सूनिस्चित गर्ने र ती समुहहरुको सामाजिक तथा आर्थिक सूचकांकमा सुधार ल्याउने रहेको छ । यस रणनीतिका बिशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन्:

१. गाउँपालिकाका नीति, योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउदै महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको बिकासमा मूलप्रवाहिकरण सूनिस्चित गर्ने ।

२. स्थानीय सरकारको संस्थागत संरचनालाई लैससास मैत्री बनाई महिला, बञ्चितिकरणमा परेका समुहहरुको अर्थपूर्ण सहभागिता गराई लैंगिक तथा सामाजिक समुहहरु बिचको अन्तरहरु र सोको प्रभावहरुलाई सम्बोधन गर्ने ।

३. लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न दक्ष जनशक्ति तयारी र लक्षित वर्गहरुको सहभागिता, क्षमता बिकास र सशक्तिकरणमा योगदान गर्ने ।

४. संघीय, प्रदेश तथा स्थानीय सरकारवाट प्रवाह हुने आधारभूत सेवाहरुमा लक्षित समुहहरुको पहुँच र नियन्त्रणमा बृद्धि गरी उनीहरुको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवन समावेशी र सक्षम बनाउने ।

५. स्थानीय तहमा लैससासको दृष्टिकोणबाट जवाफदेहिता, उत्तरदायित्व, सूचना शिक्षा तथा सञ्चार, अनुगमन तथा मूल्यांकन र सुशासन पद्दतिलाई संस्थागत गर्ने ।

६. स्थानीय तहमा लैससासका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनको लागि सम्बन्धित सरोकारवालासंग समन्वय र सहकार्यलाई संस्थागत गर्ने ।

## १०. लैससासका मूख्य रणनीतिहरु

गाउँपालिकाको लैससास रणनीतिको उद्देश्यहरु परिपूर्ति गर्न मूख्य गरी यसका सैद्धान्तिक पक्षहरु जस्तै मूलप्रवाहिकरण, सशक्तिकरण, क्षमता बिकास, समन्वय तथा सहकार्य र अनुगमन, मूल्यांकन तथा सूशासनलाई मूलरुपमा अवलम्बन गरिएको छ। यिनै सैद्धान्तिक आधारहरुमा देहाय अनुसारका रणनीतिहरु तोकिएका छन् :

| उद्देश्यहरु | मुख्य रणनीतिहरु |
|---|---|
| **गाउँपालिकाका नीति, योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउदै महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको बिकासमा मूलप्रवाहिकरण सूनिस्चित गर्ने।** | क) स्थानीय नीति तथा कानुनहरु लैससासको दृष्टिकोणले लेखाजोखा गरी लैससास सम्वेदनशिल बनाई कार्यान्वियन गर्ने।<br>ख) बार्षिक तथा आवधिक योजनाहरुमा लैंगिक तथा सामाजिक समावेशी बिकासका कार्यक्रमहरु समावेश गर्ने।<br>ग) बजेट तर्जुमा तथा कार्यान्वयनमा महिला र सीमान्तकृत समुहहरुको अर्थपूर्ण सहिभागिता सूनिस्चित गर्ने र बजेटमा पहुँच अभिबृद्धि गर्ने। |
| **स्थानीय सरकारको संस्थागत संरचनालाई लैससास मैत्री बनाई महिला, बञ्चितिकरणमा परेका समुहहरुको अर्थपूर्ण सहभागिता गराई लैंगिक तथा सामाजिक समुहहरु बिचको अन्तरहरु र सोको प्रभावहरुलाई सम्बोधन गर्ने।** | क) गाउँपालिकाका कर्मचारी/पदाधिकारीमा महिला तथा बञ्चित समुहको समानुपातिक प्रतिनिधित्व सम्बन्धमा नीतिगत तथा कानुनी ब्यवस्था गरी कार्यान्वयन गर्ने।<br>ख) लैससास कार्यान्वयन समितिको गठन तथा लैंगिक बिकास डेस्क स्थापना र सञ्चालन गर्ने ।<br>ग) स्थानीय तहमा गठन हुने सबै समिति, उपसमिति र कार्यदलहरु लैससास मैत्री बनाउँने सम्बन्धमा भएको कानुनी ब्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन, समिक्षा र आवश्यक सुधार गर्ने।<br>घ) स्थानीय बित्त ब्यवस्थापनलाई लैससास उत्तरदायी बनाउने र कार्यान्वयन गर्ने।<br>ङ) लैससास मैत्री खण्डिकृत तथ्यांक ब्यवस्था गरी लैससास मैत्री योजना तथा बजेट तर्जुमा कार्यमा उपयोग गर्ने। |
| **लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न दक्ष जनशक्ति तयारी र लक्षित वर्गहरुको सहभागिता, क्षमता बिकास र सशक्तिकरणमा योगदान गर्ने।** | क) महिला तथा सिमान्तकृत समुहहरुको लागि क्षमता बिकास योजना तयारी गरी कार्यान्वयन गर्ने।<br>ख) बिभेदकारी सामाजिक मूल्य मान्यता र कुसंस्कारहरुको न्यूनिकरणका कार्यक्रमहरु गर्ने।<br>ग) बिपद ब्यवस्थापनमा लैससास सम्वेदनशिलता समावेश गरी कार्यान्वयन गर्ने। |

| | |
|---|---|
| **संघीय, प्रदेश तथा स्थानीय सरकारवाट प्रवाह हुने आधारभूत सेवाहरुमा लक्षित समुहहरुको पहुँच र नियन्त्रणमा बृद्धि गरी उनीहरुको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवन समावेशी र सक्षम बनाउने ।** | क) स्थानीय तहमा लैंगिक, बाल र अपांग मैत्री सम्बेदनशिल संरचनाको प्रावधानहरु कार्यान्वयन गर्ने ।<br>ख) स्थानीय तहका सबै महिलाहरुलाई प्रजनन तथा महिला स्वास्थ्य सम्बन्धि सेवा सुबिधाहरुमा पहुँच सुनिस्चित गर्न पहल गर्ने ।<br>ग) स्थानीय तहका सबै महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको शिक्षामा पहुँच सुनिस्चित गर्न आवश्यक नीति, कानुन तथा कार्यक्रमहरुको समिक्षा गरी उनीहरुको शिक्षामा सरलरुपमा पहुँचका लागि ब्यवस्थाहरु थप गरी कार्यान्वयन गर्ने ।<br>घ) स्थानीय तहका सबै महिला तथा बञ्चितिमा परेका समुदायहरुको सुद्ध खानेपानीमा पहुँच तथा सरसफाईमा सचेत तुल्याउँन आवश्यक कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयन गर्ने ।<br>ङ) स्थानीय तहका सबै महिला तथा बञ्चितिमा परेका समुदायहरुको लागि बेरोजगारी तथा गरीबीको नक्सांकन गरी सोको आधारमा स्वरोजगार र आयआर्जनमा पहुँच अभिबृद्धि गर्न हालका ब्यवस्थाहरुको समिक्षा गरी बिभिन्न आयमूलक तथा सिपमूलक कार्यहरु कार्यान्वयन गर्ने । |
| **स्थानीय तहमा लैससासको दृष्टिकोणबाट जवाफदेहिता, उत्तरदायित्व, सूचना शिक्षा तथा सञ्चार, अनुगमन तथा मूल्यांकन र सुशासन पद्दतिलाई संस्थागत गर्ने ।** | क) स्थानीय तहमा सुशासन कायम गर्ने सम्बन्धमा लैससास सम्बेदनशिल स्थानीय नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने ।<br>ख) स्थानीय तहमा लैससास क्षेत्रमा सुधार प्रति उत्तरदायित्व र जवाफदेहिता स्थापनाका लागि अनुगमन, मूल्यांकन तथा परीक्षणहरु कार्यान्वयन गर्ने ।<br>ग) स्थानीय तहमा पारदर्शिता र सचेतनाको लागि सूचना, शिक्षा तथा सञ्चारका क्रियाकलापहरुमा निरन्तरता दिने र आवश्यक सुधार गर्दै लैजाने । |
| **स्थानीय तहमा लैससासका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनको लागि सम्बन्धित सरोकारवालासंग समन्वय र सहकार्यलाई संस्थागत गर्ने ।** | क) लैससासको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित निकाय तथा सरोकारवालाहरुसंग समन्वय र सम्बन्ध बिस्तारका क्रियाकलापहरुमा निरन्तरता दिने । |

## ११. रणनीति तथा कार्यनीतिहरु

उद्देश्य १: स्थानीय तहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी नीति, योजना, कार्यक्रम तथा बजेट निर्माण तथा कार्यान्वयन मार्फत महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको बिकासमा मूलप्रवाहिकरण सूनिस्चित गर्ने।

## १२. रणनीति तथा कार्यनीतिहरु

उद्देश्य १: गाउँपालिकाका नीति, योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउदै महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको बिकासमा मूलप्रवाहिकरण सूनिस्चित गर्ने।

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| **क) स्थानीय नीति तथा कानुनहरु लैससासको दृष्टिकोणले लेखाजोखा गरी लैससास सम्वेदनशिल बनाई कार्यान्वयन गर्ने।** | १. स्थानीय नीति तथा कानुनहरु लैससासको दृष्टिले समिक्षाको लागि कार्यटोली निर्माण गरी परिचालन गरी उक्त नीति तथा कानुनहरु लैससास सम्बेदनशिल बनाउने।<br>२. महिला तथा बञ्चितिकरणमा परेको समुदायहरुमा हुने बिभेदजन्य कार्यहरु रोक्न स्थानीय नीति तथा कानुन निर्माण र लागु गर्ने।<br>३. कृषि र निर्माण कार्यमा महिला र पुरुष बिचमा समान ज्याला कार्यान्वयनको लागि स्थानीय कानुन तर्जुमा गरी लागु गर्ने। |
| **ख) बार्षिक तथा आवधिक योजनाहरुमा लैंगिक तथा सामाजिक समावेशी बिकासका कार्यक्रमहरु समावेश गर्ने।** | १. आवधिक र बार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी बिकासको मापनयोग्य उपलब्धीहरुको लक्ष्य तोकी कार्यान्वयन गर्ने।<br>२. स्थानीय सरकारको योजना सूची लक्षित समुहहरुको सक्रीय सहभागितामा तयार गर्ने र उनीहरुले माग गरेको योजना प्राथमिकिकरणमा पार्ने कार्यलाई निरन्तरता र प्रभावकारी बनाउने।<br>३. योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको ब्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने बिषयमा छलफल गर्ने र योजनामा समावेश गर्ने।<br>४. स्थानीय सरकारले दिगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी लागु गर्ने।<br>५. महिला बालबालिका तथा पिछाडिएको वर्ग तथा समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरुको |

| | |
|---|---|
| | लागि बजेटको न्यूनतम् निस्चित प्रतिशत बिनियोजनको लागि नीतिगत ब्यवस्था र कार्यान्वयन गर्ने ।<br>६. स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहको प्रतिनिधि सहित कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता सुनिस्चित गर्ने । |
| ग) **बजेट तर्जुमा तथा कार्यान्वयनमा महिला र सीमान्तकृत समुहहरुको अर्थपूर्ण सहिभागिता सूनिस्चित गर्ने र बजेटमा पहुँच अभिबृद्धि गर्ने ।** | १. योजना तर्जुमा प्रक्रियामा लक्षित बर्गहरुको सहभागिता बढाउन सचेतनामूलक कार्यक्रम गर्ने ।<br>२. वडा कार्यालयहरुवाट लक्षित बर्ग छलफल र बस्ती स्तरीय योजना भेलामा लक्षित बर्गहरुको सहभागिता सूनिस्चित गर्ने ।<br>३. स्थानीय सरकारका क्षमता बिकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमहरु समावेश गर्ने ।<br>४. लैससास परीक्षण नियमित गर्ने । |

उद्देश्य २: स्थानीय सरकारको संस्थागत संरचनालाई लैससास मैत्री बनाई महिला, बञ्चितिकरणमा परेका समुहहरुको अर्थपूर्ण सहभागिता गराई लैंगिक तथा सामाजिक समुहहरु बिचको अन्तरहरु र सोको प्रभावहरुलाई सम्बोधन गर्ने ।

| **रणनीतिहरु** | **कार्यनीतिहरु** |
|---|---|
| **क) गाउँपालिकाका कर्मचारी/पदाधिकारीमा महिला तथा बञ्चित समुहको समानुपातिक प्रतिनिधित्व सम्बन्धमा नीतिगत तथा कानुनी ब्यवस्था गरी कार्यान्वयन गर्ने ।** | १. महिला र पुरुषको सहभागिता ५०/५० प्रतिशत बनाउन नीतिगत ब्यवस्था गर्ने ।<br>२. स्थानीय सरकारका कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका समानुपातिक सहभागिताको ब्यवस्था गर्ने ।<br>३. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता बिकास कार्यक्रममा महिला र बञ्चितिकरणमा परेका समुदायको प्रथम प्राथमिकता दिई कार्यान्वयन गर्ने । |
| **ख) लैससास कार्यान्वयन समितिको गठन तथा लैंगिक बिकास डेस्क स्थापना र सञ्चालन गर्ने ।** | १. गाउँपालिकामा लैससास कार्यान्वयन समिति गठन गरी कार्य बिवरणको आधारमा कार्य गर्ने ।<br>२. लैंगिक बिकास डेस्कको संस्थागत बिकास गर्ने । |

| | |
|---|---|
| **ग) स्थानीय तहमा गठन हुने सबै समिति, उपसमिति र कार्यदलहरु लैससास मैत्री बनाउने सम्बन्धमा भएको कानुनी ब्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन, समिक्षा र आवश्यक सुधार गर्ने ।** | १. स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट प्रतिनिधित्व हुने ब्यवस्थालाई अझ प्रभावकारी कार्यान्वयन गर्ने ।<br>२. स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने कार्य कार्यान्वयन गर्ने । |
| **घ) स्थानीय बित्त ब्यवस्थापनलाई लैससास उत्तरदायी बनाउने र कार्यान्वयन गर्ने ।** | १. स्थानीय तहमा महिला बिकास, लैंगिक हिंसा बिरुद्ध सचेतना र नियमन, महिला सिप बिकास, नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत ब्यवस्थापनका लागि छुट्टै कोष स्थापना र सञ्चालन गर्ने ।<br>२. आदिबासी, जनजाति, दलित, अन्य लक्षित समुहका महिलाहरुको क्षमता बिकास र सशक्तिकरणको लागि उनीहरुको आवश्यकतानुसार लागि यथेष्ट बजेटको ब्यवस्था गरी कार्यान्वयन गर्ने ।<br>३. स्थानीय सरकारले समावेशी सूचना प्रणाली ब्यवस्थापन गर्न बजेट ब्यवस्था गरी कार्यान्वयन गर्ने ।<br>४. कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने ब्यवस्था अझ प्रभावकारी बनाउने । |
| ङ) **लैससास मैत्री खण्डिकृत तथ्यांक ब्यवस्था गरी लैससास मैत्री योजना तथा बजेट तर्जुमा कार्यमा उपयोग गर्ने ।** | १. समुदायस्तरका आधारभूत खण्डिकृत सूचना या तथ्यांक संकलन तथा बार्षिक रुपमा अध्यावधिक गर्ने ।<br>२. गाउँपालिकाले बेरोजगारी तथा गरीबी प्रोफाईल तयारी गर्ने ।<br>३. स्थानीय सरकारले आफ्नो बिकास योजना तर्जुमा गर्दा खण्डिकृत तथ्याङ्क र सूचनालाई अधिकतम प्रयोग गर्ने । |

उद्देश्य ३: लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न दक्ष जनशक्ति तयारी र लक्षित वर्गहरुको सहभागिता, क्षमता बिकास र सशक्तिकरणमा योगदान गर्ने ।

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| **क) महिला तथा सिमान्तकृत समुहहरुको लागि क्षमता बिकास योजना तयारी गरी कार्यान्वयन गर्ने ।** | १. महिला तथा सिमान्तकृत समुहहरुको लागि लैससास बिकासको लागि क्षमता बिकास कार्ययोजना तयार गरी छुट्टै शिर्षकमा बजेट बिनियोजन तथा सोको कार्यान्वयन गर्ने ।<br>२. स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरुले लैंगिक समानता तथा सामाजिक समावेशी बिकास, लैंगिक हिंसा न्यूनिकरण सम्बन्धी तालिमहरु योजनामा समावेश गरी लक्षित बर्गहरुलाई उक्त तालिमहरु उपलब्ध गराउने ।<br>३. तालिमका बिषयबस्तुको प्रस्तुतिकरणमा लैंगिक समवेदनशिल भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र उपयूक्त सेवा सुबिधा उपलब्धता सूनिस्चित गर्ने ।<br>४. महिला तथा लक्षित समुहको पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता बिकास, नेतृत्व बिकासको तालिम, भ्रमण) हरेक आर्थिक बर्षको योजना तथा कार्यक्रम समावेश गरी कार्यान्वयन गर्ने ।<br>५. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय श्रोतको बिकास र परिचालन गर्ने ।<br>६. स्थानीय सरकारमा मानव संसाधन बिकास केन्द्र वा शाखा वा ईकाईको ब्यवस्था र उक्त केन्द्रको कार्य बिवरण तयार गरी लागु गर्ने ।<br>७. महिला बिकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई हरेक आर्थिक बर्षमा अभिमूखिकरण तथा सोको कार्यान्वयन गर्ने ।<br>८. जनप्रतिनिधिहरु र कर्मचारीलाई नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर |

| | |
|---|---|
| | सरकारी बित्त ब्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरु, बिषयगत कानुनहरु पालिकाले जारी गरेको कानुनहरु र अन्य प्रचलित महत्वपूर्ण कानुनहरुको बारेमा अभिमूखिकरण तथा पूनर्ताजगी तालिमहरु नियमित रुपमा गर्ने ।<br>९. स्थानीय तहका कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र कानुनमा समावेश गर्नुपर्ने लैससासका सवालहरु र सोको समाधानका बिषयबस्तुका सम्बन्धमा समय समयमा अभिमूखिकरण र पूनर्ताजगी कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>१०. महिलाहरुको संबैधानिक हक अधिकार, एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा कानुनी अनुशिक्षण नियमित सञ्चालन गर्ने । |
| **ख) बिभेदकारी सामाजिक मूल्य मान्यता र कुसंस्कारहरुको न्यूनिकरणका कार्यक्रमहरु गर्ने ।** | १. महिला बिरुद्ध सबैखाले हिंसा निर्मुल गर्ने कार्यक्रमहरु पहिचान गरी नियमित रुपमा सो अनुसारको बजेट बिनियोजन गरी कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>२. लैंगिक हिंसा रहित गाउँपालिका घोषणाको लागि आवश्यक कार्यक्रम गरी सोको घोषणा गर्ने ।<br>३. महिला हिंसा बिरुद्ध सुन्य सहनशिलता सम्बन्धमा स्थानीय नीति तथा कार्यबिधि लागु गर्ने ।<br>४. समाजमा रहेका बिभिन्न कुसंस्कार जस्तै जातिगत छुवाछुत, बाल बिवाह, बहुबिवाह, दाईजो आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने ।<br>५. दलित र आदिबासी जनजातिहरुको समुदायमा रहेको मदिरा सेवनलाई न्यूनिकरण गर्न कार्यक्रमहरु सञ्चालन गर्ने । |
| **ग) बिपद ब्यवस्थापनमा लैससास सम्वेदनशिलता समावेश गरी कार्यान्वयन गर्ने ।** | १. स्थानीय सरकारले बिपद ब्यवस्थापन सम्बन्धी नीति, रणनीति, मापदण्ड, कार्यनीति तथा कार्यबिधि तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायसंग परामर्श गरी |

| | |
|---|---|
| | यस्ता दस्तावेजमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी बिशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधानको ब्यवस्था गरी कार्यान्वयन गर्ने ।<br>२. बिपद ब्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने बिधि तयार गरी लागु गर्ने ।<br>३. स्थानीय स्तरको बिपद सम्बन्धी तथ्यांक संकलन नक्साङ्कन तथा ब्यवस्थापन गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने ।<br>४. समुदायमा आधारीत बिपद ब्यवस्थापन सम्बन्धि कार्य गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्य गर्ने । |

उद्देश्य ४: संघीय, प्रदेश तथा स्थानीय सरकारवाट प्रवाह हुने आधारभूत सेवाहरुमा लक्षित समुहहरुको पहुँच र नियन्त्रणमा बृद्धि गरी उनीहरुको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवन समावेशी र सक्षम बनाउने ।

| **रणनीतिहरु** | **कार्यनीतिहरु** |
|---|---|
| **क) स्थानीय तहमा लैंगिक, बाल र अपांग मैत्री सम्बेदनशिल संरचनाको प्रावधानहरु कार्यान्वयन गर्ने ।** | १. स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रोईङ डिजाईन लागत अनुमान तयार गर्दा संरचना निर्माण गर्दा लैंगिक, बाल र अपांग मैत्री संरचनाको प्रावधान कार्यान्वयन गर्ने ।<br>२. स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलबिद्युत, बिभिन्न बैकल्पिक स्रोतवाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरु कार्यान्वयन गर्ने । |

| | |
|---|---|
| **ख) स्थानीय तहका सबै महिलाहरुलाई प्रजनन तथा महिला स्वास्थ्य सम्बन्धि सेवा सुबिधाहरुमा पहुँच सुनिस्चित गर्न पहल गर्ने ।** | १. गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउने गरी बार्षिक नीति तथा बिधि तयार गरी लागु गर्ने ।<br>२. सार्वजनिक कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको ब्यवस्था र सोको ब्यवस्थापन नियमित रुपमा गर्ने ।<br>३. महिला तथा प्रजनन स्वास्थ्य, परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने ।<br>४. महिला तथा बञ्चितिकरणमा परेका ब्यक्तिहरुको स्वास्थ्य बिमा गर्न सहजिकरण र सहयोग गर्ने कार्यक्रम र बजेट वार्षिक तथा आवधिक योजनाहरुमा समावेश गरी कार्यान्वयन गर्ने । |
| **ग) स्थानीय तहका सबै महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको शिक्षामा पहुँच सुनिस्चित गर्न आवश्यक नीति, कानुन तथा कार्यक्रमहरुको समिक्षा गरी उनीहरुको शिक्षामा सरलरुपमा पहुँचका लागि ब्यवस्थाहरु थप गरी कार्यान्वयन गर्ने ।** | १. गाउँपालिका भित्रका बिद्यालय जाने उमेरका सबै बाल बालिकालाई बिद्यालयमा अनिवार्य भर्ना गराउने अभियान नियमित रुपमा सञ्चालन गर्ने ।<br>२. आर्थिक अवस्था कमजोर भएका परिवार तथा बञ्चितिकरण परेका समुदायका बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्य पुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउन छात्रबृत्तिको ब्यवस्था तथा सोको कार्यान्वयन नियमित रुपमा गर्ने ।<br>३. निरक्षर महिला तथा सिमान्तकृत समुदाय वा ब्यक्तिहरुको लागि अभिभावक शिक्षा, प्रौढ तथा किसोरी शिक्षा, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा आदि कार्यक्रमहरुको नियमित रुपमा सञ्चालन गर्ने ।<br>४. बिद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किसोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने । |
| **घ) स्थानीय तहका सबै महिला तथा बञ्चितिमा परेका समुदायहरुको सुद्ध खानेपानीमा पहुँच तथा सरसफाईमा सचेत तुल्याउँन आवश्यक** | १. गाउँपालिकाका सार्वजनिक निकायहरुमा सफा पिउँने पानी, सफासंग हात धुने ब्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको ब्यवस्था सञ्चालन गर्ने। |

| | |
|---|---|
| **कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयन गर्ने ।** | २. स्थानीय बासिन्दाहरुको घरधुरीहरुमा सफा पिउँने पानी, सफासंग हात धुने ब्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको उपयोग गर्ने अभ्यासको बारेमा सचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>३. स्थानीय तहको आयोजना तथा स्थानीय नागरिकहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त अभियान, घर घरमा शौचालय, पराम्परागत पानीको स्रोतहरु धारा, कुवा, पोखरी तथा टोल बस्ती सरसफाई अभियान कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने ।<br>४. कुहिने नकुहिने घरायासी फोहर छुट्याउने ब्यवस्था, फोहर संकलन तथा बिसर्जन, घर घरमा भान्साको फोहर र पानीवाट करेसाबारी तथा गमला र फुलवारी निर्माण जस्ता कार्यक्रमहरु गर्ने र उक्त कार्यहरुमा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>५. महिलाहरु बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज ब्यवस्थाका लागि आकासे पानी संकलन र भण्डारण, पराम्परागत ईनार र कुवाको पूनर्जिवीकरण र रिचार्जिङ जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने । |
| **ङ) स्थानीय तहका सबै महिला तथा बञ्चितिमा परेका समुदायहरुको लागि बेरोजगारी तथा गरीबीको नक्सांकन गरी सोको आधारमा स्वरोजगार र आयआर्जनमा पहुँच अभिबृद्धि गर्न हालका ब्यवस्थाहरुको समिक्षा गरी बिभिन्न आयमूलक तथा सिपमूलक कार्यहरु कार्यान्वयन गर्ने ।** | १. गाउँपालिकाको बार्षिक तथा आवधिक योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्सांकनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सिपमूलक कार्यक्रमहरु र सोको लागि आवश्यक बजेट ब्यवस्था गरी कार्यान्वयन गर्ने ।<br>२. स्वरोजगार गर्ने तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बञ्चितिकरणमा परेका समुदायको सिप तथा क्षमता बिकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने ।<br>३. ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धि प्राविधिकहरु) र सामाजिक परिचालक तयारी गर्ने तथा उनीहरुको समुदायमा परिचालन गर्ने । |

| | |
|---|---|
| | ४. गरीब र बञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरु सञ्चालन गर्ने र उनीहरुलाई बिशेष छुटको ब्यवस्था गर्ने । |

उद्देश्य ५: स्थानीय तहमा लैससासको दृष्टिकोणबाट जवाफदेहिता, उत्तरदायित्व, सूचना शिक्षा तथा सञ्चार, अनुगमन तथा मूल्यांकन र सुशासन पद्दतिलाई संस्थागत गर्ने ।

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| **क) स्थानीय तहमा सुशासन कायम गर्ने सम्बन्धमा लैससास सम्बेदनशिल स्थानीय नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने ।** | १. गाउँपालिकाले बिधिको शासन, ब्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरु तर्जुमा र कार्यान्वयन गर्ने ।<br>२. महिला बिकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्वटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने ।<br>३. संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन सम्बन्धमा कार्यक्रमहरु तयारी र सञ्चालन गर्ने । |
| **ख) स्थानीय तहमा लैससास क्षेत्रमा सुधार प्रति उत्तरदायित्व र जवाफदेहिता स्थापनाका लागि अनुगमन, मूल्यांकन तथा परीक्षणहरु कार्यान्वयन गर्ने ।** | १. गाउँपालिकाका कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट लक्षित वर्गहरुको उपस्थितिमा गर्ने र सेवा प्रवाह सम्बन्धी सूचनाहरुको सार्वजनिकीकरण नियमित रुपमा गर्ने ।<br>२. गाउँपालिकाका कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाईको क्रममा लक्षित बर्ग तथा लाभान्वित वर्गहरुवाट प्राप्त गुनासा तथा सूझावहरुको सुनुवाई र कार्यान्वयन गर्ने ।<br>३. स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी लागु गर्ने ।<br>४. गाउँपालिकाका कार्यक्रम तथा परीयोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको नसकेको सम्बन्धमा नियमित रुपमा |

| | |
|---|---|
| | अनुगमन र मूल्यांकन गर्ने र लाभ र असरहरुको बिश्लेषण गर्ने ।<br>५. स्थानीय सरकारको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका बिपन्न बर्ग (आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग) अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि निजहरुको उपस्थितिमा छलफल गर्ने र सुझावहरु संकलन तथा कार्यान्वयन गर्ने । |
| **ग) स्थानीय तहमा पारदर्शिता र सचेतनाको लागि सूचना, शिक्षा तथा सञ्चारका क्रियाकलापहरुमा निरन्तरता दिने र आवश्यक सुधार गर्दै लैजाने ।** | १. स्थानीय सरकारले नियमित रुपमा समग्र बार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने र महिला, बालबालिका, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग, दलित, अपांगता भएका ब्यक्तिहरु र जेष्ठ नागरिकलाई लक्षित गरी राखेका कार्यक्रम र बजेट सरोकारवालाले थाह पाउने गरी स्थानीय भाषा समेतमा नियमित रुपमा सार्वजनिक गर्ने ।<br>२. स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई नियमित रुपमा सुसूचित गर्ने ।<br>३. स्थानीय स्तरमा महिला बालबालिका सबै जातजातिका बिपन्न वर्ग, अपांगता भएको ब्यक्तिहरु, जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरुको लागि सूचना, शिक्षा र सञ्चार कार्यक्रमबाट वर्गहरुको जनचेतना बृद्धि भएको नभएको बारेमा अनुगमन र मूल्यांकन गर्ने । |

उद्देश्य ६: स्थानीय तहमा लैससासका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनको लागि सम्बन्धित सरोकारवालासंग समन्वय र सहकार्यलाई संस्थागत गर्ने ।

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| **क) लैससासको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित निकाय तथा सरोकारवालाहरुसंग समन्वय र सम्बन्ध** | १. स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेको लैससास कार्यान्वयन सम्बन्धी नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने । |

| | |
|---|---|
| **बिस्तारका क्रियाकलापहरुमा निरन्तरता दिने।** | २. लैससास बिकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच सञ्जाल गठन गरी कार्यगत छलफल तथा यस क्षेत्रको बिकासको लागि नियमितरुपमा कार्य गर्ने।<br>३. लैंगिक समानता तथा सामाजिक समावेशी बिकासको लागि गठित बिभिन्न सरोकारवाला निकायहरु बिच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैससास कार्यान्वयन सम्बन्धी क्षमता बिकास तालिमहरु सञ्चालन गर्ने। |

## १३. लैससास कार्यान्वयनको लागि समितिहरु गठन, परिचालन र जिम्मेवारी

### १३.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन

यस गाउँपालिकामा निम्नानुसारको सदस्यहरु रहने गरि लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरिनेछः

क) गाउँपालिका अध्यक्ष ------------- संयोजक

ख) गाउँपालिका उपाध्यक्ष ------------- सदस्य

ग) गाउँपालिका सदस्यहरु (एक महिला सहित २ जना) --------- सदस्य

घ) दलित समुदायका प्रतिनिधि (एक महिला सहित २ जना) -------------- सदस्य

ङ) जनजाति समुदायका प्रतिनिधि (एक महिला सहित २ जना) ------------ सदस्य

च) जेष्ठ नागरिक प्रतिनिधि (एक महिला सहित २ जना) ------------ सदस्य

छ) सामाजिक बिकास शाखा प्रमुख ------------------ सदस्य सचिव

### १३.२ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार

लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार देहाय अनुसार हुनेछः

क) गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि आवश्यक नीति, रणनीति, कानुनी ब्यवस्थाहरुको आवश्यकता पहिचान गर्ने।

ख) गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुह/समुदायको खण्डीकृत तथ्याङ्क ब्यवस्थापन र अद्यावधिक गर्न कार्यमा सहजीकरण गर्ने।

ग) गाउँपालिकाको नियमित सेवा प्रवाह र बिकास निर्माणका गतिबिधिहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुह/समुदायको क्षमता बिकास, सशक्तिकरण र अर्थपूर्ण सहभागिताको लागि आवश्यक कार्यक्रमहरु बार्षिक तथा आवधिक योजनामा समावेश तथा कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

घ) लैससास कार्यान्वयनको लागि संस्थागत बिकासका कार्यहरु पहिचान तथा कार्यान्वयनमा गाउँपालिकालाई सहयोग गर्ने ।

ङ) गाउँपालिकाका सबै कार्यक्रमहरुमा लैससासको दृष्टिले अनुगमन, मूल्यांकन र लैससास बजेट परिक्षण कार्य गर्ने ।

च) गाउँपालिकामा लैससास सम्बन्धि कार्यक्रमहरु गर्न सरोकारवाला निकायहरुसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

**१३.२ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको परिचालन**

गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण समितिको परिचालन कार्यबिधि तयार गरी सोही बमोजिम कार्यान्वयन गर्नेछ ।

**१३.३ लैंगिक समानता तथा सामाजिक समावेशीकरण वडा स्तरीय समिति गठन र परिचालन**

गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयनको लागि सो सम्बन्धी कार्यबिधिमा ब्यवस्था गरी वडा स्तरीय समिति गठन र परिचालन गर्न सक्नेछ ।

## १४. अनुगमन तथा मूल्यांकन

यस रणनीतिको सफल कार्यान्वयनको लागि रणनीतिले तोकेका क्षेत्रगत रणनीतिहरु र सो अन्तरगतका कार्यनीतिहरुको आधारमा बार्षिक तथा आवधिक योजनामा कार्यक्रमहरु समावेश गरी कार्यान्वयनको अनुगमन र उक्त कार्यक्रमहरुलाट प्राप्त भएका नतिजाहरुको मूल्यांकन गर्ने कार्य गाउँपालिका वा लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिले गर्नेछ । अनुगमन तथा मूल्यांकन गर्दा देहाय अनुसार गरिनेछः

क) अनुगमन तथा मूल्यांकनमा लैससास रणनीतिको कार्यान्वयनसंग सम्बन्धित सार्वजनिक नीति, कानुन तथा कार्यबिधिहरु, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु, आवधिक योजना, बिषयक्षेत्रगत योजना, बार्षिक नीति कार्यक्रम र बजेट, आवधिक प्रगति प्रतिवेदन आदिको समिक्षा गरिनेछ ।

ख) लैससास सम्बेदनशिल अनुगमन तथा मूल्यांकन नतिजामूलक बिधिवाट गरिनेछ । यसको लागि सोच तालिका (Logical Framework), नतिजा तालिका (Result Framework), सूचनाका स्रोतहरु, ब्यवस्थापन सूचना प्रणाली (MIS), र अनुगमन तथा मूल्याङ्कन योजनालाई आधारको रुपमा लिईनेछ ।

ग) प्रभावकारी अनुगमन तथा मूल्यांकनको लागि गाउँपालिकाले बिधि तयार गरी कार्यान्वयन गर्नेछ ।

## १५. रणनीतिको पूनरावलोकन र संशोधन

यस रणनीति कार्यान्वयनको क्रममा समयसापेक्ष तुल्याउन पूनरावलोकन गरी स्थानीय आवश्यकताहरुलाई परिपूर्ति गर्नको निमित्त यस रणनीतिको मूल मर्मको प्रतिकुल नहुने गरी आवश्यक संशोधन तथा सुधार गरिनेछ ।